# केन्द्रीय ज्येष्ठ नागरिक समितिमा सदस्यको मनोनयन सम्वन्धी मापदण्ड,२०७५

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १३ को उपदफा (१) को खण्ड (ड) र (ढ) बमोजिम केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिका सदस्य मनोनयन गर्ने सम्बन्धी व्यवस्थालाई वस्तुनिष्ट, निष्पक्ष र पारदर्शी बनाउन वान्छनीय भएकोले,

नेपाल सरकार, महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नामः "केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिका सदस्य मनोनयन सम्वन्धी मापदण्ड, २०७५" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "मन्त्रालय" भन्नाले महिला, बालाबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले ज्येष्ठ नागरिक सम्वन्धी ऐन,२०६३ सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा १३ बमोजिम गठित केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति सम्झनु पर्छ ।

(घ) "समितिका सदस्य" भन्नाले ऐनको दफा १३ को उपदफा (१) को खण्ड (ड) र (ढ) बमोजिम नेपाल सरकारबाट मनोनयन हुने सदस्य सम्झनु पर्छ ।

३. <u>योग्यताः</u> समितिका सदस्य मनोनयन हुन देहाय बमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) साठी वर्ष उमेर पूरा भएको,

(ग) ऐनको दफा १३ को उपदफा (१) को खण्ड (ड) बमोजिम मनोनयन हुने सदस्यका लागि ज्येष्ठ नागरिकको हकहित संरक्षण गर्नको लागि सञ्चालित संघ वा संस्थाको सञ्चालक वा पदाधिकारीको हैसियतमा कम्तीमा दश वर्ष काम गरेको,

(घ) ऐनको दफा १३ को उपदफा (१) को खण्ड (ढ) बमोजिम मनोनयन हुने सदस्यका लागि ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्न स्थापना भएका धार्मिक तथा सामाजिक क्षेत्र सम्वन्धी संस्थामा कम्तीमा दश वर्ष काम गरेको,

(ङ) प्रचलित कानून बमोजिम सदस्यमा मनोनयन हुन अयोग्य नठहरिएको ।

४. <u>अयोग्यताः</u> देहायका व्यक्तिहरु समितिका सदस्य मनोनयन हुन अयोग्य हुनेछन्ः-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागुऔषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्वन्धी कसूर लगायतका नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) मानसिक सन्तुलन ठीक नभएको,

(च) ज्येष्ठ नागरिक सम्वन्धी कसूरमा अदालतबाट कसूरदार ठहर भएको ।

५. <u>मनोनयन गर्ने</u>: (१) मन्त्रालयले दफा ३ बमोजिम योग्यता पुगेका व्यक्तिहरूमध्येबाट उपदफा (२) बमोजिमको समितिको सिफारिसमा उपदफा (३) को खण्ड (ग) बमोजिमको संख्यामा सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको सिफारिस समिति रहनेछ :-

क) मन्त्रालयको ज्येष्ठ नागरिक सम्वन्धी विषय हेर्ने महाशाखा प्रमुख संयोजक

ख) उपसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सदस्य

ग) उपसचिव, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सदस्य

घ) शाखा प्रमुख, कानुन फैसला तथा कार्यान्वयन शाखा, मन्त्रालय सदस्य

ङ) शाखा प्रमुख, जेष्ठ नागरिक संरक्षण शाखा, मन्त्रालय सदस्य-सचिव

(३) उपदफा(२) बमोजिमको सिफारिस समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) संभावित व्यक्तिको विवरण सहितको सूची तयार गर्न ज्येष्ठ नागरिकको हक हितको क्षेत्रमा क्रियाशील व्यक्ति, संघ-सस्थालाई *अनुसूची-१* बमोजिमको ढाँचामा विवरण उपलब्ध गराउन अनुरोध गर्ने ।

(ख) खण्ड (क) बमोजिम प्राप्त विवरणलाइ अध्ययन गरी संभावित व्यक्तिको व्यक्तिगत विवरण तयार गर्ने ।

(ग) खण्ड (ख) बमोजिम तयार गरिएको व्यक्तिगत विवरणको आधारमा विश्लेषण गरी एक पदको लागि तीन जनाको नाम मन्त्रालय समक्ष सिफारिस गर्ने ।

(४) समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(५) उपदफा (३) खण्ड (ग) बमोजिम सिफारिस प्राप्त भएपछि मन्त्रालयले सिफारिस गरिएका व्यक्तिहरुको नाम मन्त्रालयको वेवसाइटमा राख्नु पर्नेछ ।

६. <u>पदावधि</u>: (१) दफा ५ बमोजिम मनोनयन गरिएका सदस्यहरुको पदावधि मनोनयन गरेको मितिले तीन वर्षको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५ बमोजिम मनोनयन भएका कुनै सदस्यले ज्येष्ठ नागरिक कल्याण समितिलाई हानी नोक्सानी पुऱ्याइ समितिको हित विपरित हुनेगरी काम गरेमा वा संलग्न भएमा, कार्यक्षमताको अभाव वा खराव आचरण, इमान्दारी पुर्वक पदीय जिम्मेवारी पुरा नगरेमा, अनियमित वा भ्रष्टाचारजन्य कार्य गरेमा नेपाल सरकारले निजलाई जुनसुकै समयमा पदमुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पदमुक्त गर्नु पूर्व निजलाई सफाई पेश गर्ने मनासिव मौका प्रदान गर्नु पर्नेछ ।

७. <u>पद रिक्त हुने</u>: (१) देहायको अवस्थामा सदस्यको पद रिक्त भएको हुनेछः-

(क) दफा ४ बमोजिम सदस्यको लागि अयोग्य भएमा,

(ख) निजले अध्यक्ष मार्फत दिएको राजिनामा मन्त्रालयबाट स्वीकृत भएमा,

(घ) दफा ६ बमोजिमको पदावधि समाप्त भएमा वा पदमुक्त गरेकोमा ,

(च) मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि यस मापदण्ड बमोजिमको प्रक्रिया पूरा गरी पूर्ति गर्नु पर्नेछ ।

८. <u>बैठक भत्ता तथा सुविधाः</u> यस मापदण्ड बमोजिम मनोनयन भएका समितिका सदस्यले नेपाल सरकारको मापदण्ड बमोजिमको बैठक भत्ता तथा सुविधा पाउने छन् ।

९. <u>स्वतः निस्कृय हुने</u> M यस मापदण्डमा उल्लेख भएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

*अनुसूची-१*

# <u>व्यक्तिगत विवरण</u>

(१) नाम, थर :.......................................................................

(२) स्थायी ठेगाना :..................................................................

(३) जन्म मिति :.......................................................................

(४) माथिल्लो शैक्षिक योग्यता :.................................................................................

(५) संघ-संस्थासँग सम्बन्धित भएमा,

(क) संस्थाको नाम :...........................................................................................

(ख) जिम्मेवारी :...............................................................................................

(ग) ज्येष्ठ नागरिकको क्षेत्रमा कार्य गरेको अवधि

.................... देखि ................... सम्म ।

(घ) ज्येष्ठ नागरिकको क्षेत्रमा पुऱ्याएको योगदान(छोटकरीमा उल्लेख गर्ने)

.......................................................................................................................

.......................................................................................................................

...........................................................................................

(ङ) मनोनयनका लागि योग्य आधारहरु

(१) ...................................................

(२) ...................................................

(३) ...................................................

(४) ...................................................

(५) ...................................................

(च) सम्पर्क नं. ..........................................................................